CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #४४

०१।४।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## अविरल वर्षाका कारण एक हप्तामा देशभर भएका विपदका घटना

**२८**
जिल्ला प्रभावित

**५०**
जनाले ज्यान गुमाए

**३२**
जना बेपत्ता

**२९**
जना घाईते

**३३,११३**
जना प्रभावित

**२,१५६**
जनाको उद्दार

मानविय क्षतिको तुलना गर्ने हो भने, चार महिनामा कोभिड - १९ बाट ज्यान गुमाउनेको संख्या भन्दा एक हप्तामा बाढी पहिरोबाट ज्यान गुमाउनेको संख्या धेरै छ । यो प्रकृया हरेक वर्ष दोहोरीरहन्छ । बाढी पहिरोबाट जोखिम क्षेत्र पहिचान गरी समयमै वस्ती व्यवस्थापन गर्न सके दुर्घटना न्यूनिकरण गर्न सकिन्छ ।

स्रोत: http://drrportal.gov.np/uploads/document/1566.pdf

## नेपाल अपडेट



कैलालीको धनगढी स्थित यातायात कार्यालयमा सुरक्षा मापदण्ड विपरित लाईनमा बसेको सेवाग्राहीको भिड

तस्बिर: गंगा भण्डारी

### परिक्षण


पिसिआर परिक्षण: ३,०३,८१०

पोजेटिभ: १७,३४४

उपचाररत: ६,०५६

मृत्यु : ३९






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



के निजि अस्पतालमा कोभिड - १९ का विरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको लागि छुट्टै दैनिक २००० का दरले रकम बुझाउनु पर्छ ?

यस अघि जारी भएको "कोभिड - १९ का विरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको व्यवस्थापन सम्बन्धी मार्ग निर्देशन २०७७" अनुसार त्यस्ता स्वास्थ्यकर्मी तथा कर्मचारीको लागि गुणस्तरिय तथा स्वस्थ खानपान, सरसफाई र आवासको व्यवस्था मिलाउन सरकारले प्रति व्यक्ति प्रति दिन रु २००० का दरले अस्पताललाई उपलब्ध गराउने भनेको थियो । यो व्यवस्था सरकारी अस्पतालको हकमा मात्र लागु हुन्छ । निजि सस्पतालको हकमा सरकारले प्रस्ताव गरेको लागत रकममा समावेश गरेको मानिनेछ । यसको लागि कुनै थप रकम तिर्नुपर्ने छैन ।

स्रोत: https://drive.google.com/file/d/1Les4fw4GvPvqrrX8_eFlo1qNJoTKDt7u/view



अहिले कोरोना महामारीको समयमा थुप्रै स्वास्थय तथा राहत सामाग्री प्रकृया नपुर्‍याई हचुवाको भरमा किनियो रे । यसले त विपदमा भ्रष्टाचार गर्नेलाई उकास्यो नि ?

कुनै पनि सामाग्री खरिद गर्दा खरिद ऐनको पालना गरी मितव्ययी तवरले खरिद गर्नुपर्दछ । तर, आपतकालिन अवस्थामा कानुनको पालना र मितव्ययिताको आडमा मानविय जोखिमको स्थिती सिर्जना हुनुहुदैन । यस्तो अवस्थामा अधिकार प्राप्त अधिकारीको निर्णयले छुट्टै प्रकृया अवलम्बन गर्न सकिने भए पनि लामो समयसम्म यस्तो प्रकृया अवलम्बन गर्नुलाई औचित्यपूर्ण मानिदैन । त्यसैले यसलाई लेखापरीक्षणको जोखिम क्षेत्रको रुपमा लिईन्छ । तर, यसको मुल्यांकनको छुट्टै व्यवस्था छ ।

स्रोत: https://oagnep.gov.np/wp-content/uploads/2018/09/Disaster-Mgmt-Audit-Guide-72.04.18.pdf



सरकारले बजेट अभावका कारण कोरोना उपचारमा खटिएका करारका सबै स्वास्थ्यकर्मी/कर्मचारी हटाउदै छ रे । अब त बिरामीलाई झनै गाह्रो हुनेभयो ।

चालु आ.व.मा करारमा भर्ना भएका कोभिड - १९ को प्रयोगशाला र फ्रन्ट डेस्कका स्वास्थ्यकर्मी तथा चिकित्सक, नर्स लगायतका कर्मचारीहरुलाई आगामी आ.व.को पौष मसान्त सम्म निरन्तरता दिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्णय गरेको छ । तर, यस्ता कर्मचारीलाई आवश्यक बजेटको सुनिश्चितता गरेर मात्र करार निरन्तरता गर्ने भनिएको छ ।

स्रोत: https://mohp.gov.np/attachments/article/611/Upload%20in%20Website%20.pdf



अब स्थानीय सरकारले बेरोजगारलाई रोजगारी दिदैछ रे ।

लकडाउनको समयमा राहत पाउने सूचिमा परेका लगायतको आधारमा, स्थानीय रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको नयूनतम रोजगारीमा सूचिकृत हुन चाहनेहरुका लागि सूचना जारी भएको हो । यसका लागि २०७७ श्रावण ८ गते देखी भाद्र ७ गते सम्म निवेदन दिन सकिनेछ । २०७६ चैत्र १० गते सम्म नियमानुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिको सोही निवेदन बमोजिम स्थानीय तहले सूचिकरणको प्रकृया अगाडी बढाउनेछ ।

स्रोत: https://www.mofaga.gov.np/uploads/notices/Notices-20200715164147792.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| २,४०,४७४ संक्रमित | ५७,६६८ संक्रमित | ३४,५६० संक्रमित | १,०४,९८३ संक्रमित | ५५,८४८ संक्रमित | ६२,५७४ संक्रमित | ८,७३७ संक्रमित | १३,६१२ |
| १७५० नेपाली संक्रमित | १००० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २०,६०० नेपाली संक्रमित | २००० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ४ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | ७ मृत्यु भएका नेपाली | २५ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf


ShramikSanjal

## यूएईमा भिषा सम्बन्धी परीवर्तन - नविकरण गर्दा कहिले देखी जरिवाना लाग्छ ?

### यदी रेसिडेन्सी भिडा (पासपोर्टमा लागेको भिषा), छ भने,

- तपाईको भिषा मार्च १ देखी अप्रिल अन्त्य सम्ममा सकिएको हो भने, अहिले नै (जुलाई १२ देखी लागू हुने गरी) रिन्यू गर्न सक्नुहुन्छ । तपाईलाई १२ अक्टोवर, २०२० देखी जरिवाना लाग्नेछ ।
- यदी तपाईको भिषाको म्याद मे १ देखी जुनको अन्तिम सम्ममा सकिएको छ भने, अगस्ट १८ देखी भिषा रिन्यू हुन्छ । नोभेम्बर १० देखी जरिवाना लाग्नेछ ।
- यदी तपाईको भिषा १ जुलाई देखी ११ जुलाई सम्ममा सकिएको हो भने, सेप्टेम्बर १० देखी भिषा रिन्यू हुन्छ । डिसेम्बर १० देखी जरिवाना लाग्नेछ ।



### भिजिट अथवा टुरिष्ट भिषा छ भने,

यदि तपाईसंग भिजिट या टुरिष्ट भिषा छ भने, अगस्ट १२ सम्म मात्र समय छ । त्यसपछी जरिवाना लाग्नेछ । अगष्ट १२ भित्र तपाईले या त देश छाडीसक्नु पर्ने हुन्छ, या त Employment भिषा लगाउनु पर्ने हुन्छ । यदी Employment भिषा लगाउने हो भने, यसको लागि चाँडै प्रकृया थाल्नु पर्नेछ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड निकासा**

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |


## प्रदेश नं. ५ का स्थानीय तहमा निकासा भएको रकम



रु. ६०,००,०००
अनुगमनका लागि जिल्ला समन्वय समितिलाई निकासा भएको रकम



रु. ७३,००,०००
७३ गाउँपालिका



रु. ४,८५,००,०००
३२ नगरपालिका




रु. ८५,००,०००
४ उप-महानगरपालिका




**रु. १३,६०,००,०००**
स्थानीय तहहरुमा निकासा भएको जम्मा रकम

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ जेष्ठ महिना सम्म प्रदेश नं ५ मा कोरोना प्रतिकार्यमा भएको खर्च




प्रदेश नं. ५ कोरोना भाईरसबाट सबै भन्दा बढी प्रभावित भएको प्रदेश हो । २०७७ जेष्ठ सम्मको तथ्यांक हेर्ने हो भने, प्रदेश सरकारले ३३ करोड ५० लाख रुपैया कोभिड सम्बन्धी कृयाकलापमा खर्च गरेको छ । जहाँ, ५१ करोड १० लाख रकम कृषि क्षेत्रमा कोभिडको असर न्यूनिकरण गर्न खर्च गरेको छ । कृषि क्षेत्रमा लगानीको माध्यममबाट जिविकोपार्जन उकास्न सरकारले गरेको प्रयासलाई सकारात्मक रुपमा लिन सकिन्छ, तर विनियोजित रकमको विवरण संकलन गर्न सकिएन ।

सुरुको अवस्थामा क्वारेन्टाईन सुविधा र आईसोलेहन सेवाका लागि भनेर ठुलो रकम (१३ करोड ६० लाख) स्थानीय तहलाई वितरण गरिएको छ । स्वास्थ्य संरचना निर्माण गर्न, स्वास्थ्य उपकरण र औषधि खरिद गर्नमा अर्को १२ करोड ११ लाख खर्च गरिएको छ । ७ करोड ८० लाख रुपैयाँ भन्दा बढी खर्चको विवरण खुलाईएको छैन ।


प्रदेश सरकारले जिल्ला संकट व्यवस्थापन केन्द्रको मातहतमा भएको खर्चको कुनै जानकारी उपलब्ध गराएको छैन । प्रायजसो कृयाकलापहरु कोरोना संकट व्यवस्थापन केन्द्रले सिमा क्षेत्रमा मानिसको उद्दार गरेको र क्वारेन्टाईनबाट मान्छेलाई आईसोलेशनमा सार्ने संग सम्बन्धित छन् । त्यसैले, यि खर्चका विवरणहरु सार्वजनिक गर्न जरुरी छ ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# के कोभिड - १९ ले विश्वव्यापीकरणलाई उल्टो दिशा तिर धकेल्दैछ ?

कोभिड - १९ ले कुनै न कुनै तरिकाले विश्वव्यापीकरणको नकारात्मक पक्षलाई बाहिर ल्याएको छ । सिमापार हुने मान्छेको आवतजावत, सरसामान र ईन्धनको आयात निर्यातको असर यसका उदाहरण हुन्, जुन बर्तमान विश्वको अपरिहार्यता जस्तै भएको छ । हावापानी परिवर्तन, आतंकवाद र आणविक प्रसारलाई पहिले देखी नै विश्वव्यापीकरणको असरको रुपमा हेरिन्थ्यो । तर, अहिले एउटा सानो ठाउँबाट सुरुभएको संक्रमणले कसरी विश्वव्यापी महामारीको रुप लिन सक्छ भन्ने उदाहरण बाहिर आएको छ ।

अहिले कोभिड - १९ ले, विश्वव्यापीकरणमा स्थायी रुपमा असर गर्ने अनुमान गरिएको छ । अन्तरदेशिय सम्बन्ध, उनिह( रुको आर्थिक व्यवहार र जनमत हेर्दा, हाल सम्म हासिल गरेका सबै कोशेढुंगाहरु परिवर्तन हुनसक्ने सम्भावना छ । कोभिड - १९ ले विश्वव्यापीकरणमा पारेका केही प्रमुख असरहरु निम्नानुसार छन:



## १. आर्थिक संरक्षणवाद

विश्वव्यापी आपूर्ती चेन र एकअर्का बिचको निर्भरतामा अवरोध र द्रुत आर्थिक मन्दीले देशहरु आतंकित भएकाछन् । यसैक्रममा विभिन्न राष्ट्र तथा राष्ट्रका नेतृत्वकर्ताहरुले आर्थिक राष्ट्रवाद र संरक्षणवादको पक्षमा तिव्र रुपमा वकालत गरिरहेकाछन् । आत्मनिर्भरता, स्थानीयकरण र आर्थिक सुरक्षा जस्ता विषयहरुको बढी चर्चा भईरहेको छ । यसैक्रममा, विभिन्न देशहरुले स्थानीय उत्पादनलाई बृद्धि गर्ने, व्यापारलाई पुरानो अवस्थामा ल्याउने र आयातलाई कम गर्ने उपायहरु खाजिरहेकाछन् । उदाहरणको लागि, युरोपियन युनियन, स्विजरल्याण्ड र भारतले भर्खरै महामारीको समयमा औषधिजन्य उपकरणको निर्यातमा रोक लगाए ।

स्वास्थ्य सेवामा परनिर्भरताले सिकाएको पाठले विभिन्न देशहरुलाई अन्य क्षेत्रमा पनि ध्यान दिन झकझकाएको छ । लकडाउन पछी धेरै देशहरुले आफ्नो व्यापार र वैदेशिक लगानीको नीति परिवर्तन गर्न सक्छन् र विदेशी कम्पनीहरुलाई ठुलो लाभ लिनबाट रोक्न नियामक निकायको स्थापना गर्नसक्छन् ।

## २. अन्तरराष्ट्रि यात्रामा रोक र प्रयटन

कोभिड - १९ को रोकथामको उपायको रुपमा थुप्रै देशहरुले यात्रामा रोक लगाएकाछन् । हवाई सेवाहरु बन्द छन् । यसले विमान कम्पनीहरुको ऋण थपिदैछ र उनिहरु टाट पल्टिने अवस्थामा पुग्नसक्छन् । ग्लोबल ट्राभल डाटा प्रोभाईडरका अनुसार, हवाई सेवा कोरोना महामारी पूर्वको अवस्थामा आउन सन् २०२२ देखी २०२३ सम्म पर्खिनु पर्नेछ । साथसाथै, कोरोनाका कारण मान्छेहरु अनलाईन प्रविधिको माध्यमबाट काम गर्न अभ्यस्त हुँदै गएको कारणले पनि लामो समय सम्म यात्रामा निस्किने सम्भावना कम छ । त्यसै गरेर, आर्थिक मन्दी र बढ्दो राष्ट्रवादी प्रवृतीका कारण पनि अन्तरराष्ट्रि प्रयटनमा कमी आउनेछ । अन्तरराष्ट्रि हावाई उडानमा बन्देजका कारण प्रयटन व्यवसाय धरासायी भएको छ । कोभिड - १९ पछि पनि यसले निरन्तरता पाउने सम्भावना उत्तिकै छ ।





## ३. विश्व श्रम बजार

सरकारले अन्तरराष्ट्रिय यात्रामा लगाएको रोकका कारण विश्व श्रम बजारमा ठुलो असर परेको छ । त्यसै गरेर, स्वदेश र गन्तव्य राष्ट्र बिचको समन्वयको कमी, सम्बन्धित देशको सरकारको कमजोर व्यवस्थापन र स्वदेश फिर्ता हुन समस्याका कारण विश्व बजारमा श्रमिकको संख्यामा गिरावट आएको छ । यो समस्या चाडै समाधान हुने देखिदैन । देशहरुमा ठुलो संख्यामा उद्योगहरु बन्द, आर्थिक मन्दी, स्थानीय रोजगारीमा कामदारको प्राथमिकता र अन्य धेरै कारणले पनि कोभिड - १९ पछि विश्व श्रम बजार प्रभावित हुनसक्छ । विश्व बैंकको अनुमान अनुसार आउँदो वर्ष नेपालको विप्रेषण दर १४% ले घट्ने देखिएको छ । अन्य दषिण एशियाली मुलुकले पनि यस्तै समस्या भोग्नुपर्नेछ।

# फ्रन्टलाईनर्स भोईसेस्



## बिर्मला देवि बुड्थापा

उप-प्रमुख

साफेबगर नगरपालिका, अछाम

"कोरोना भाईरसले मलाई सिकाएको सबै भन्दा ठुलो पाठ भनेको, स्थानीय तहले पनि आईपर्नसक्ने ठुलो संकटको लागि स्रोत सम्पन्न भएर तयारी अवस्थामा बस्नुपर्ने रहेछ । तत्काि( लन अवस्थामा भारतबाट आएका व्यक्तिको व्यवस्थापन गर्नु प्राथमिकतामा भए पनि, भोलिको दिनमा खाद्य सुरक्षा र भोक( मरीबाट सृजित हुनसक्ने परिस्थितीको लागि तयारी अवस्थामा बस्नुपर्नेछ । जनप्रतिनिधिमा पनि कोरोना पुष्टि भएको छ, तर त्यसो भन्दैगर्दा हामी जिम्मेवारीबाट पछि हट्न मिल्दैन ।"

## बिप्लव अधिकारी

चिकित्सक

कागेश्वरी मनहरा नगरपालिका अस्पताल

"हाम्रो अस्पतालमा पहिलो केस पुष्टि हुँदा सामान्यतया जस्तै हामी खाजा खाईरहेका थियौं । जब अस्पतालकै एकजना व्यक्ति त्यो समाचार लिएर आए । त्यस पछि हामी मध्येकै एकजना कर्मचारी पागलझै हाँस्नथाले भने अरुको होस हवास नै उड्यो । तर, हामी आफ्नै प्रोटोकल बनाई जस्तोसुकै अवस्थाको लागि तयार रहेको हुनाले सजिलै अगाडी बढ्न सक्यौं । आजका मिति सम्म हाम्रै क्वारेन्टाईनमा बसेका ४ जना सहित जम्मा ८ जनामा संक्रमण भएको पुष्टि गरेका छौं ।"





## सिता कुमारी शर्मा


स्वास्थ्यकर्मी

सुर्खेत

"संगै काम गर्ने सहकर्मीमा कोरोना संक्रमण पुष्टि भयो । त्यो हिसावले मेरो पनि परीक्षणको लागि नमुना संकलन गरिएको छ । नतिजा नआउँदा सम्म म संक्रमित पनि हैन र सुरक्षाको हिसावले होम क्वारेन्टाईनमै बस्नुपर्नेछ । तर, जुन समुदायलाई मैले सुचित अनी सचेत गराउँदै हिडेकी थिए, उनिहरुनै आज बहिस्कृतको दृष्टीले हेर्दैछन् । म एउटा प्रतिनिधि पात्र मात्र हो, प्राय स्वास्थ्यकर्मीको भोगाई यस्तै छ । यस्तो अवस्थामा दिनरात खटिने स्वास्थ्यकर्मी कुन मनोवलकासाथ काम गर्ला आफै कल्पना गर्न सकिन्छ ।"

सही सूचना

# दक्षिण एसियामा प्रति १० लाख जनसंख्यामा परीक्षण र संक्रमितको संख्या




माथिको ग्राफले दक्षिण एशियामा प्रति दशलाख जनसंख्यामा गरिएको कोभिड - १९ को परीक्षण र त्यसमा संक्रमण पुष्टि भएको संख्यालाई देखाउँछ । प्रति १० लाख जनसंख्यामा बढी परीक्षण गर्ने देशहरुमा नेपाल तेस्रो स्थानमा पर्दछ । जहाँ प्रति १० लाखमा जम्मा संक्रमण पुष्टि भएका मध्ये भुटान र श्रीलंका पछि थोरै संक्रमण पुष्टि भएको देशमा नेपाल पर्दछ । पछिल्लो चार महिनामा भोगेको सिमित टेष्टीङ किट र सिमानाको समस्याका बावजुत सरकारको कोरोना रोकथाम तथा नियन्त्रणको प्रयासलाई मध्यम स्तरको मान्न सकिन्छ । तर, अझै पनि कोरोना रोकथामको प्रयासमा सुधारगर्ने प्रशस्तै ठाउँ देख्न सकिन्छ, यसले नेपालको अवस्थालाई अझै सुदृढ बनाउन सक्छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219